# सार्वजनिक लेखा समितिः कार्यक्षेत्र र अभ्यास



सरस्वती मरहट्टा*

**सारांश**

*जनप्रतिनिधिमूलक संस्था संसदले चाहेबमोजिम राज्यकोषको प्रभावकारी र मितव्ययी तरिकाले खर्च भएको वा नभएको सम्बन्धमा जाँचपड्ताल गरी सरकारी कोषको सदुपयोगको सुनिश्चितता गर्नु सार्वजनिक लेखा समितिको मुख्य काम हो । सरकारबाट हुनसक्ने सार्वजनिक सम्पत्ति र सरकारी ढुकुटीको दुरूपयोग रोकी सुशासन कायम गर्नका लागि वि.सं. २०४८ सालदेखि सार्वजनिक लेखा समितिको सभापति विपक्षी दललाई दिने गरिएको पाइन्छ । सार्वजनिक लेखा समितिमा विधेयमाथि छलफल गरिँदैन । महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औँल्याइएको बेरूजुउपर छलफल गरी निर्णय कार्यान्वयनका लागि निर्देशन दिइन्छ सोही निर्देशनबमोजिम बेरूजु फस्र्योटसम्बन्धी कामकारवाही गर्ने गराउने जिम्मेवारी महालेखापरीक्षक तथा लेखा उत्तरदायी अधिकृतको हो । नेपालको संसदीय इतिहासमा सार्वजनिक लेखा समितित्यस्तो पहिलो विषयगत समिति हो जसले सञ्चार माध्यमलाई समितिको बैठकमा प्रवेशका लागि खुला गरी आफ्नो कामकारवाहीलाई पारदर्शी बनाउने कामको प्रारम्भ गरेको थियो । यो लेखमा नेपालको संसदीय अभ्यासका क्रममा संघीय संसदमा सार्वजनिक लेखा समितिको कार्यक्षेत्र र अभ्यासलाई उल्लेख गरिएको छ ।*

## पृष्ठभूमि

संसद जनमतको पूर्ण सम्मान गर्दै जनप्रतिनिधिहरूले जनहितका लागि कार्य गर्न स्थापित सर्वोच्च निकाय हो । संसदीय शासन व्यवस्था अवलम्बन गरेका मुलुकहरूले संसदमा आवश्यकता अनुसार विभिन्न विषयगत समितिहरू गठन गरी विषयवस्तुमाथि सघन छलफल गर्दै सभाले दिएको गहन जिम्मेवारी पूरा गरिरहेका हुन्छन् । जनप्रतिनिधिमूलक संस्था संसदले सबै विषयहरूमा मिहिन तरिकाले लामो समय लगाएर छलफल गर्न, आवश्यकतानुसार विषयविज्ञ बोलाएर राय, सुझाव र

* शाखा अधिकृत, संघीय संसद सचिवालय

परामर्श लिन सम्भव हुँदैन । दलीय ह्वीपको कारणले पनि खुला छलफलको लागि अफ्ठ्यारो परिरहेको हुन्छ । संसदीय समितिमा आवश्यकता अनुसार राय सुझावका लागि विज्ञ बोलाउन, विषयवस्तुमाथि घनिभूत छलफल गरी निष्कर्षमा पुग्न सम्भव छ । त्यसैले त संसदको बैठक नचलेको समयमा पनि संसदीय समितिहरू सभाले दिएको आ-आफ्नो जिम्मेवारी पूरा गर्न निरन्तर काम गरिरहेका हुन्छन् । सरकारलाई निर्देशन दिने, सरकारको कामको निगरानी र मूल्याङ्कन गर्ने, दिएका निर्देशन पालना भएको वा नभएको सम्बन्धमा अनुगमन गर्ने कार्य गरिरहेका हुन्छन् । यसैले संसदलाई Showcase र समितिलाई Workshop भन्ने गरिएको हो । Mini Parliament/Mini House को रूपमा रहने संसदीय समितिहरूको मिहिनेत र सुझबुझले सभालाई जनहितमा निर्णय लिन सहज हुन्छ । संसदको गरिमा समितिहरूको प्रभावकारितामा अडेको हुन्छ ।

प्रतिनिधि सभामा १० वटा, राष्ट्रिय सभामा चारवटा र दुईवटा संयुक्त समितिहरू गरी जम्मा १६ वटा समितिहरू विभिन्न उद्देश्य र आवश्यकता अनुसार गठन गरिएको छ । प्रतिनिधि सभा नियमावली, २०७५ नियम १६९ मा प्रतिनिधि सभाको नियमित कार्यमा सहयोग पुऱ्याउन प्रतिनिधि सभाअन्तर्गत विषयगत र विशेष समिति गठन गर्न सकिने व्यवस्थाबमोजिम रहेको छ भने नियम १७० मा नेपाल सरकारलाई प्रतिनिधि सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका कामकारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनसमेतका लागि संविधानको धारा ९७ बमोजिम प्रतिनिधि सभामा रहेका विषयगत समितिहरूमध्ये सार्वजनिक लेखा समिति एक महत्त्वपूर्ण समिति हो । आर्थिक अनुशासन, पारदर्शिता, स्वच्छ चरित्र, कानूनी शासन लोकतन्त्रका अपरिहार्य गुणहरू हुन् । यस्ता गुणहरूलाई जीवन व्यवहारमा लागू गराउनका लागि सार्वजनिक लेखा समितिको अहम् भूमिका रहने महसुस गरेर नै वि.सं. २०१६ को प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको गठन भएको थियो ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक रूपमा नै व्यवस्था गरिएको थियो । प्रतिनिधि सभा नियमावली, २०७५ बमोजिम सभामुखले सभाको सहमति लिई मनोनीत गरेका बढीमा २७ जना सदस्यहरू सार्वजनिक लेखा समितिमा रहने व्यवस्थाबमोजिम हाल समितिमा २७ जना माननीय सदस्यहरू हुनुहुन्छ । प्रधानमन्त्री समितिको पदेन सदस्य रहने व्यवस्था छ भने सदस्यहरूले आफूहरूमध्येबाट निर्वाचित वा मनोनीत गरेको व्यक्ति सभापतिमा चयन हुने व्यवस्था रहेको छ । बैठकको सुव्यवस्था कायम राख्नको लागि सभापतिलाई सभामा सभामुखलाई भएसरहको अधिकार हुन्छ । सभापतिको निर्वाचन नभएको वा नरहेको अवस्थामा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने र मन्त्रीले सभापति हुन वा बैठकको अध्यक्षता गर्न नपाउने व्यवस्था रहेको छ । नेपालमा वि.सं. २०४८ देखि समितिको सभापतित्व

विपक्षीलाई दिने गरिए पनि वि.सं. २०६६ जेठ ११ पछि यो परम्पराले निरन्तरता पाउन सकेको थिएन तथापि शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्तअनुसार पनि सरकारी हिसाब र खर्चको मिहिन अध्ययन र छलफल गर्ने समितिको सभापतित्व विपक्षीलाई दिनु उचित हुन्छ ।

**अन्तर्राष्ट्रिय अभ्यास**

संसदीय व्यवस्थाको जननी बेलायतमा पहिलोपटक सन् १८६१ मा सार्वजनिक लेखा समितिको गठन भएको थियो । सदनमा रहेको दलीय उपस्थितिको आधारमा बढीमा १५ जना सदस्य रहने व्यवस्था समितिले गैरराजनीतिक रूपमा कार्य गर्ने अपेक्षा गरिएको थियो भने सार्वजनिक लेखा समितिको सभापति विपक्षीलाई दिने प्रचलन रहेको थियो । हाल House of Commons अन्तर्गत रहेको समितिले सरकारद्वारा राखिएको हरहिसाब संसदले गरेको बजेट विनियोजनबमोजिम सार्वजनिक उपयोगमा खर्च भएको वा नभएको, सार्वजनिक कोषको मितव्ययी एवं प्रभावकारी उपयोग भएको वा नभएको, करदाताले तिरेको करको कार्यपालिका तथा कर्मचारी प्रशासनबाट सार्वजनिक हितको लागि खर्च भएको वा नभएको सम्बन्धमा निगरानी गर्दछ ।

भारतमा सन् १९२१ मा सार्वजनिक लेखा समितिको गठन भएको थियो । संसदले अनुमोदन गरेको बजेटबमोजिम कार्यपालिकाबाट खर्च भएको वा नभएको, आम्दानी र खर्चको हरहिसाबको जाँचबुझ गर्नका लागि लोकसभाका १५ र राज्यसभाका ७ गरी २२ जना रहने सार्वजनिक लेखा समितिको सभापति लोकसभाको सभामुखद्वारा मनोनयन गरिन्छ । समितिले सरकारी कोषमा रहेको रकमको वितरण कानूनसम्मत भएको वा नभएको, अधिकार प्राप्त अधिकारीको अनुमतिबेगर खर्च भएको वा नभएको र सरकारी संस्थाहरूले गरेको आम्दानी खर्चलगायतको हरहिसाबको सन्तुलन परीक्षण, वासलात र नाफा नोक्सानको जाँचबुझ गर्दछ । अष्ट्रेलियामा सरकार र सरकारका सार्वजनिक सङ्गठनले गरेका आर्थिक क्रियाकलापहरूको जाँच गर्ने सार्वजनिक उत्तरदायित्व रहेको महत्त्वपूर्ण समितिको रूपमा रहेको छ । यसले सरकारलेगरेका खर्चको अधिकतम उपयोग भएको वा नभएको तथा सोको कार्यान्वयनमा मितव्ययिता अवलम्बन भएको वा नभएको, सरकारको आम्दानी खर्चको अन्तिम जाँचबुझ, सार्वजनिक लेखा र सोसँग सम्बन्धित कागजातको बृहत् जाँचपड्ताल तथा छानविन गर्दछ ।

**सार्वजनिक लेखा समितिको काम, कर्तव्य र अधिकार**

सार्वजनिक लेखा र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन क्षेत्राधिकार रहेको सार्वजनिक लेखा समितिको प्रतिनिधि सभा नियमावली, २०७५ लगायतका कानूनी व्यवस्थाबमोजिमको काम, कर्तव्य र अधिकारलाई देहायबमोजिम उल्लेख गरिएको छः-

- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको सार्वजनिक लेखासँग सम्बन्धित नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्याङ्कन गरी निर्देशनसहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्दछ ।
- राजस्व र व्ययसम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के-कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिई रायसहितको वार्षिक प्रतिवेदन सभामा पेश गर्दछ ।
- मन्त्रीले सरकारको तर्फबाट सार्वजनिक लेखाको सम्बन्धमा समय-समयमा दिएका आश्वासनलाई पूरा गर्न नेपाल सरकारद्वारा उठाइएका कदम सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई निर्देशन दिन्छ ।
- सार्वजनिक लेखा र महालेखापरीक्षकको वार्षिक प्रतिवेदनसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी निर्देशन दिन्छ ।
- आफूले दिएका यस्तका निर्देशनहरू मन्त्रालय, विभाग र अन्य निकायबाट कार्यान्वयन भए नभएको समेत अनुगमन तथा मूल्याङ्कन गरी निर्देशन दिन्छ । बैठकले सुम्पेका अन्य काम गर्दछ ।
- समितिले कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभाग, आयोग र निकायका प्रतिनिधि र आवश्यक परे सो विषयका विशेषज्ञसँग समेत छलफल गर्ने गर्दछ ।
- सार्वजनिक लेखा र महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमाथि छलफलसँग सम्बन्धित जिम्मेवारी सुव्यवस्थित ढङ्गले बहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि, कार्ययोजना र कार्यतालिका बनाई लागू गरेको छ र सोही आधारमा कार्य सम्पादन गर्दै आएको छ ।
- सभामा पेश गरिएको महालेखापरीक्षकद्वारा भएगरेका कामकारवाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने कामकारवाही कानूनसम्मत र औचित्यपूर्ण तबरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गर्दछ ।
- कार्य सम्पादनको सिलसिलामा समितिका सदस्यले सभामुखको पूर्वस्वीकृति लिई आवश्यक स्थानको भ्रमण गर्न सक्छ ।
- समितिले बैठकमा प्रस्तुत गर्नुपर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै र अरु प्रतिवेदन जुनसुकै समयमा पेश गर्न सक्ने व्यवस्थासमेत रहेको छ ।

### संघीय संसदमा सार्वजनिक लेखा समितिको अभ्यास

सार्वजनिक लेखा र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन मूल कार्यक्षेत्राधिकार रहेको सार्वजनिक लेखा समितिले सार्वजनिक लेखा अन्तर्गत सरकारी ढुकुटीको दुरूपयोग हुन नदिन जुनसुकै सरकारी निकाय, मन्त्रालयबाट हुन सक्ने सरकारी सम्पत्ति र राजस्वको हिनामिनाबाट मुलुकलाई हानि, नोक्सानी पुग्ने देखिएमा त्यस सम्बन्धमा कागजात झिकाएर अध्ययन गर्न, सम्बन्धित पदाधिकारीलाई बोलाएर समितिमा छलफल गर्न, प्रमाण बुझ्न, आवश्यक परेमा संसदीय उपसमिति गठन गरेर स्थलगत अध्ययन भ्रमण गर्न साथै छानविनका क्रममा दोषी पाइएमा उपसमितिको सिफारिस र प्रमाणको आधारमा सम्बन्धित निकायमा कारवाहीका लागि सिफारिस/सुझावसमेत दिने गर्दछ ।

### १. समितिको बैठक सञ्चालन

मिति २०७५ साउन १७ मा प्रतिनिधि सभाको सहमतिमा सभामुखबाट सार्वजनिक लेखा समितिको गठन भई मिति २०७५ साउन २१ गते समितिको पहिलो बैठक बसेको थियो । समितिको सभापतिको निर्देशनबमोजिम तोकिएको कार्यसूचीमा तोकिएको दिनमा छलफल गर्नका लागि समितिको बैठक बस्ने गर्छ । समिति सचिवले सभापतिको प्रत्यक्ष निर्देशनमा रहेर समितिको बैठक व्यवस्थापनसम्बन्धी कार्य गर्नुपर्ने हुन्छ । माननीय सदस्यहरूलाई बैठक बस्ने दिन र कार्यसूचीबारे जानकारी दिन टेलिफोन तथा म्यासेजमार्फत् अग्रिम जानकारी गराउने गरिन्छ । समितिले बैठक सञ्चालनका लागि आफ्नो आन्तरिक कार्यविधि आफैं बनाएर लागू गर्न सक्ने व्यवस्था रहेको छ । समितिको बैठकमा सभापतिको अनुमति लिएर, सभापतिले नाम उच्चारण गरेपछि मात्र सदस्यहरूले कार्यसूचीमा केन्द्रित रहेर आफ्नो विचार राख्न सक्ने व्यवस्था रहेको छ । बैठकमा सबै माननीय सदस्यहरूको उपस्थितिको अपेक्षा गरिएको हुन्छ भने बैठक बस्नकै लागि भने एकाउन्न प्रतिशत सदस्यहरूको उपस्थिति अनिवार्य रहेको छ । समितिको निर्णयमा सभापति र समिति सचिवले प्रमाणित गर्नुपर्ने व्यवस्था नियमावलीले गरेको छ भने हालसम्म निर्णयहरू सर्वसम्मत रूपमा हुने गरेको छ । बैठकमा माननीय सभापति र सदस्यहरूको उपस्थितिको विवरणलाई समिति सचिवालयले सुरक्षित र व्यवस्थित गर्दै आएको छ । समितिको बैठक सञ्चालन, व्यवस्थापन र सहजीकरण गर्न संघीय संसद सचिवालयअन्तर्गत समितिको सचिवालय रहने, महासचिवले आफू मातहतको वरिष्ठ अधिकृतलाई समितिको सचिव भई काम गर्न तोक्न सक्ने, समिति सचिवले पदेन सचिवको रूपमा रही काम गर्ने र समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउन सम्बन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग्न सक्ने व्यवस्था रहेको छ । समितिबाट माग भई सम्बन्धित निकायबाट प्राप्त भएका कागजातहरू बैठकमा माननीय सदस्यहरूलाई वितरण गरिन्छ ।

सार्वजनिक निकायहरूमा जवाफदेहीताको प्रवर्द्धन र सुदृढीकरण तथा सार्वजनिक कोषको सदुपयोग भए नभएको, सीमित साधनस्रोतको अधिकतम उपयोग भएको वा नभएको सम्बन्धमा विशेष प्राथमिकतामा राखेर जाँच गर्दै आएको छ साथै समितिमा प्राप्त हुने विभिन्न किसिमका उजुरी/निवेदनहरूलाई पनि आफ्नो कार्यक्षेत्र, आवश्यकता र औचित्यको आधारमा सम्बोधन गर्ने गरिएको छ । समितिमा सबै माननीय सदस्यहरू दलीय राजनीतिबाट माथि उठेर कार्यसूचीमा केन्द्रित रही खुला छलफल गरी निष्पक्ष निर्णयमा पुग्नु पर्ने अपेक्षा राखिएको हुन्छ । आफ्नो कामको सिलसिलामा समितिले नेपाल वायु सेवा निगमको वाइड बडी खरिद प्रक्रिया, चाडपर्वको समयमा बजारमा चिनी लगायत उपभोग्य सामानको बजारभाउ नियन्त्रण, होङ्सी सिमेन्ट नारायणी प्रा.लि को कारखाना र मलेखु खोला किनारमा निर्माणाधीन सडक, नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रङ्क लाइनको उठाउनु पर्ने बक्यौता र वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका सम्बन्धमा अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्नका लागि विभिन्न समयमा उपसमितिहरू गठन गरेको थियो । उपसमितिले आफ्नो राय सुझावसहित समितिमा पेश गरेको प्रतिवेदनमाथि समितिमा व्यापक छलफल गरेर उपसमितिको प्रतिवेदनलाई सोही रूपमा वा संशोधनसहित पारित गरी सम्बन्धित निकायमा कार्यान्वयनका लागि पठाउँछ । सार्वजनिक लेखाको जाँचपड्तालगर्दा कहिलेकाहीँ सार्वजनिक लेखा समिति र अन्य समितिहरूको बीचमा क्षेत्राधिकारको सम्बन्धमा प्रश्न उठ्ने गरेको छ । जस्तैः वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमको सम्बन्धमा अध्ययन गर्न सार्वजनिक लेखा समितिले उपसमितिको गठन गरेको थियो भने कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले पनि सोही विषयमा अध्ययन गर्न उपसमिति बनाएर काम गरेको थियो । समितिले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमको नाममा वनको विनाश भई लक्ष्य अनुसार राजस्व सकलन नभएको, मुलुकलाई आर्थिक तथा वातावरणीय क्षति पुगेको भनी महालेखापरीक्षकको प्रतिवेदनमा औँल्याइएको विषयमा केन्द्रित भएर अध्ययनलाई अघि बढाएको थियो ।

सार्वजनिक लेखाअन्तर्गत सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक लेखा समितिको बैठकको निर्णयहरू, बैठकमा माननीय सदस्यहरूको उपस्थितिको विवरण, समितिको वार्षिक प्रतिवेदन लगायतका विषयलाई आफ्नो Web Page मा राखेर समितिको गतिविधिमा सबैको पहुँचलाई क्रमशः सुनिश्चित र बिस्तार गर्दै लगेको छ । समितिको बैठकमा सामान्यतया सञ्चार माध्यमलाई प्रवेशका लागि बैठक बस्नुपूर्व E-mail मार्फत् जानकारी दिनेगरिएको छ । समितिले सबैभन्दा पहिलोपटक सञ्चार माध्यमलाई समितिको बैठक र छलफलमा मिति २०५१ फागुन १९ देखि प्रवेश दिएर बैठकमा हुने छलफल र निर्णयलाई पूर्णतः खुला र पारदर्शी बनाउँदै आएको छ ।

## २. महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमाथि छलफल

महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको वार्षिक प्रतिवेदन अनुसार आ. व. २०७४/२०७५ मा ६ खर्ब ८३ अर्ब ६६ करोड बेरूजु रहेकोमा आ. व. २०७५/२०७६ मा ६ खर्ब ६४ अर्ब ४४ करोड बेरूजु कायम भएको छ । अघिल्लो वर्षको तुलनामा पछिल्लो आ. व. मा १.२४ प्रतिशतले बेरूजु घटेको छ । वार्षिक रूपमा संघीय कार्यालयहरूमा बेरूजुको मात्रा न्यून रूपमा घटेको देखिए पनि स्थानीय तहमा बढ्दैगएको देखिन्छ । बजेटको ठूलो हिस्सा बेरूजुको रूपमा देखिनुले मुलुकको वित्तीय सुशासनको दुरावस्थालाई प्रदर्शित गरिरहेको हुन्छ भने सार्वजनिक लेखा समितिको कार्यबोझ र कार्यचाप दिनानुदिन बढिरहेको देखाउँछ ।

सार्वजनिक लेखा समिति प्रतिनिधि सभाको एक मात्र त्यस्तो विषयगत समिति हो जहाँ विधेयकमाथि छलफल गरिँदैन । महालेखापरीक्षकले नेपालको संविधानको धारा २४१ बमोजिम लेखापरीक्षण गरी राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन पेश गरेपछि धारा २९४ बमोजिम राष्ट्रपतिद्वारा प्रधानमन्त्रीमार्फत् संघीय संसदमा पेश हुने व्यवस्था छ । यसैबमोजिम संघीय संसदमा पेश भइसकेपछि मात्र प्रतिवेदन छलफलका लागि समितिमा आउँछ र यो संसदको सम्पत्ति बन्दछ । प्रतिवेदनमा औँल्याइएको बेरुजुमाथि छलफल गर्नका लागि समितिको पूर्ण बैठकको निर्णयबाट उपसमितिहरू गठन गरिएका छन् भने हरेक उपसमितिमा एक/एकजना समिति सदस्यलाई संयोजक तोकिएको छ । हाल बेरूजु छलफल गर्नका लागि आठवटा उपसमितिहरू गठन गरिएको छ । समितिमा रहनुभएका माननीय सदस्यहरूको सङ्ख्या र दलीय प्रतिनिधित्व समेतलाई ध्यान दिएर उपसमितिको गठन गरिएको हुन्छ ।

संघीय संसद सचिवालय, सर्वोच्च अदालत, नेपाल सरकारका सबै मन्त्रालयहरू र अन्तर्गतका निकायहरू, संवैधानिक आयोगहरू, राष्ट्रिय योजना आयोगलगायतको बेरूजुउपर सार्वजनिक खरिद ऐन, २०६४ सार्वजनिक खरिद नियमावली, २०६५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा प्रचलित कानूनबमोजिम सार्वजनिक निकायबाट प्रचलित कानूनको पालना भएको वा नभएको, वित्तीय कामकारवाहीमा जवाफदेहिताको बहन भएको वा नभएको, अद्यावधिक लेखा राखे नराखेको, स्रोतको चुहावटबाट सरकारी हानि, नोक्सानी भएको वा नभएको, सुशासन प्रवर्द्धनका लागि राज्यले लिएको नीतिबमोजिम कार्य भएको वा नभएको सम्बन्धमा लेखाको मानक सिद्धान्तहरू नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको कसीमा बृहत छलफल गरी निर्णयमा पुग्ने गरिन्छ । निर्णयलाई संयोजक र समिति सचिवबाट प्रमाणित गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउने गरिन्छ ।

## ३. बेरूजुसम्बन्धी छलफल

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानूनबमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोवार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोवार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याइएको कारोवारलाई बेरूजुको रूपमा परिभाषित गरिए अनुसार बेरूजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की गरी तीन वर्गमा देहायबमोजिम वर्गीकरण गरेको छ । असुल गर्नुपर्ने अन्तर्गत हिनामिना र मस्यौट, हानि, नोक्सानी र अन्य असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने अन्तर्गत अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको, पेश्की अन्तर्गत कर्मचारी पेश्की, मोबिलाइजेसन पेश्की, प्रतीतपत्र पेश्की र संस्थागत पेश्की पर्दछन् ।

महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औँल्याइएका बेरुजुउपर छलफल गर्न सम्बन्धित मन्त्रालय/निकायबाट बेरूजुको जवाफ माग गरिन्छ । छलफल गर्दा उपसमितिका संयोजकसहित समिति सदस्यहरू, लेखा उत्तरदायी अधिकृतको रूपमा सम्बन्धित मन्त्रालय/आयोगका सचिव र अन्तर्गत निकायका पदाधिकारीहरू, महालेखापरीक्षक कार्यालयका सम्बन्धित मन्त्रालय/निकायको लेखापरीक्षणमा संलग्न सचिव लगायतका पदाधिकारीहरूलाई आमन्त्रण गरी समिति सचिवसहित भएको छलफलमा प्रतिवेदनमा औँल्याइएको बेरुजुमाथि दफावार छलफल गरिन्छ । छलफल गर्दा समिति सचिव वा सचिवालयको तर्फबाट बेरूजुको विवरणको दफावार वा सारसंक्षेप र तत् सम्बन्धमा मन्त्रालयबाट प्राप्त जवाफ पढिसकेपछि मन्त्रालयको तर्फबाट लेखा उत्तरदायी अधिकृतबाट जवाफ, प्रतिक्रिया दिइन्छ भने महालेखापरीक्षकको कार्यालयको तर्फबाट बेरूजु लेख्नु पर्नाको कारण, स्थलगत भ्रमणमा जाँदा देखिएका समस्या, लेखापरीक्षणका क्रममा आफूहरूलाई आवश्यक कागजात उपलब्ध नभएको, सरकारी हानि, नोक्सानी भएकोले असूल गर्नुपर्ने, वर्षौं अगाडिदेखि सुरु भएको आयोजनाहरूको काममा सुस्तता देखिएको, समयमै काम सम्पन्न नगर्नेनगराउने पदाधिकारीलाई कारवाही गर्नुपर्ने, जिम्मेवार बनाउनु पर्ने लगायतका फेहरिस्त प्रस्तुत गरिन्छ भने मन्त्रालय र अन्तर्गतका निकायका पदाधिकारीहरूबाट पनि काम समयमै नहुनाको कारणसहितका समस्याहरू, ऐन नियमको पालना गरिएको, विकास निर्माणका काम गर्दा खरिद सम्झौता, परामर्शदाताको नियुक्ति, ठेक्का सम्झौता, विनियोजित बजेट अनुसार बजेट सिलिङ्गमा रहेर खर्च गरेको, प्राकृतिक प्रकोप वा अन्य कारणले काममा ढिलाइ भएको जिकिर प्रस्तुत गर्दै आइन्दा समयमै काम सम्पन्न हुने लगायतका प्रतिबद्धता जाहेर गरिन्छ । माननीय सदस्यहरूबाट विभिन्न बुँदाहरूमा उल्लेखित विवरण, मन्त्रालयको तर्फबाट दिइएको जवाफ र महालेखापरीक्षकले औँल्याएको बेरूजु प्रचलित कानूनसम्मत भएको वा नभएको सम्बन्धमा जिज्ञासा राखिन्छ । यस्तो अवस्थामा सचिवालयको तर्फबाट सार्वजनिक खरिद

ऐन/नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा लेखासम्बन्धी मौजुदा कानूनको परिधिभित्र रहेर निर्णय गर्नु निकै महत्त्वपूर्ण र जटिल कार्य हो, जुन सार्वजनिक लेखा समितिले गर्दै आएको छ ।

बेरूजुमाथि छलफल हुँदा महालेखापरीक्षकको सबैभन्दा पछिल्लो प्रतिवेदनबाट प्रारम्भ गर्ने अभ्यास रहेको छ ताकि पुरानो प्रतिवेदनमा छलफल गर्दा दोहोरिँदै आएका सोही प्रकृतिका बेरूजुहरूलाई पछिल्लो प्रतिवेदनमा गरिएको निर्णय अनुसारकै निर्णय गर्न सहज र छिटो होस् । बेरूजु छलफल संसदबाट पारित बजेटको कार्यान्वयनको चरणपछि मात्रै गरिन्छ । प्रतिवेदनमा औंल्याइएको बेरुजु असुल गरी फर्स्योट तथा नियमित गर्ने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुने स्पष्ट व्यवस्था रहेको साथै समितिमा छलफल हुँदा बैठकमा उपस्थित हुने, छलफलमा भाग लिने, सो सम्बन्धमा आफ्नो राय प्रतिक्रिया वा लिखित धारण पेश गर्ने तथा बेरुजु फर्स्योटसम्बन्धी कामकारवाही गर्ने वा गराउने जिम्मेवारी महालेखापरीक्षक तथा सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । प्रतिनिधि सभाबाट स्वीकृत सार्वजनिक लेखा समितिको प्रतिवेदनबमोजिम बेरुजुको लगतबाट हटाउनु पर्ने विषय महालेखापरीक्षकले ३० दिनभित्र हटाई सोको जानकारी समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्ने र यस कार्यको अनुगमन सार्वजनिक लेखा समितिले गर्ने व्यवस्था छ । समितिको निर्देशनबमोजिम मन्त्रालय/निकायहरूबाट बेरुजु फर्स्योटको मासिक प्रगति विवरण समितिमा पठाइन्छ ।

**समिति र महालेखापरीक्षकको कार्यालयबीचको सम्बन्ध**

मुलुकमा वित्तीय/प्रशासनिक सुशासन, जवाफदेहिता, पारदर्शिता कायम गराउन, सार्वजनिक खरिद ऐन/नियमावलीको पालना गराउन सार्वजनिक लेखा समिति र महालेखापरीक्षक कार्यालयको सम्बन्ध विगतदेखि नै अन्योन्याश्रित रहँदै आएको छ । महालेखापरीक्षकको कार्यालयले सार्वजनिक निकायको बजेटको खर्च प्रणालीको सम्बन्धमा अन्तिम लेखापरीक्षण गरी पेश गरेको वार्षिक प्रतिवेदनले बजेट कार्यान्वयनलाई नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा औंल्याएको बेरूजुउपर समितिमा छलफल गरी निर्णय कार्यान्वयनका लागि सरकारलाई निर्देश गरिन्छ । लेखापरीक्षण ऐन, २०७५ मा लेखा परीक्षण भन्नाले सम्परीक्षणसमेतलाई जनाउने र लेखापरीक्षकले सम्परीक्षण समेत गर्ने अभ्यास भए तापनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले सम्परीक्षण गर्ने अधिकार समितिलाई दिएको छ । साथै बेरूजुको लगतकट्टा भने महालेखापरीक्षक कार्यालयले गर्ने व्यवस्था छ । दुवै निकायहरूले बजेट खर्च गर्ने अख्तियार प्राप्त सरकारी पदाधिकारीलाई जिम्मेवार बनाउन महत्त्वपूर्ण भूमिका खेलिरहेका हुन्छन् ।

**विद्यमान समस्या**

समिति सञ्चालन, बेरूजु छलफल तथा अभ्यासका क्रममा देखिएका समस्यालाई देहायबमोजिम उल्लेख गरिएकोछः-

- समिति सञ्चालनमा प्रविधिको अधिकतम प्रयोग गर्न नसक्दा परम्परागत कार्यशैलीमा परिवर्तन गर्न नसकिएको,
- समिति आफ्नो मूल कार्य बेरूजु छलफलभन्दा बढी बाहिर आएका विषयहरू र उजुरीमाथिको छलफलमा केन्द्रित हुँदा धेरै वर्षदेखिको बेरूजु छलफल हुन बाँकी रहेको,
- सार्वजनिक लेखाअन्तर्गत समितिले सम्पादन गरेको काममा अन्य समितिहरूबाट क्षेत्राधिकारको विषयमा प्रश्न उठाउने गरिएको,
- केही मन्त्रालय, निकायको धेरै वर्षदेखि बेरूजु छलफल नभई निर्णय पठाउन नसक्दा मन्त्रालयको बेरुजु फर्स्यौट गर्ने काममा समेत सुस्तता आएको,
- सम्बन्धित निकायबाट असुल हुनुपर्ने राजस्व असुल हुन नसकी सरकारी हानि, नोक्सानी भइरहेको,
- उपसमितिले उस्तै प्रकृतिका विषयमा फरक निर्णय गर्ने गरेको भनी महालेखापरीक्षक कार्यालय र मन्त्रालयबाट प्रश्न उठ्ने गरेको,
- महालेखापरीक्षकको प्रतिवेदन लामो, जटिल हुने साथै धेरै वर्ष पुरानो प्रतिवेदनमाथि छलफल गर्दा सम्झन, केलाउन र सम्बन्धित पदाधिकारीलाई कारवाही गर्न कठिनाइ हुने गरेको ।

**समस्या समाधानका उपाय**

उल्लेखित समस्या समाधानका उपायलाई देहायबमोजिम उल्लेख गरिएको छः-

- समितिको बैठक र बेरूजु छलफलमा प्रविधिको अधिकतम उपयोग गर्दै जाने,
- बेरूजु छलफललाई अभियानकै रूपमा सञ्चालन गरी समितिको कार्यबोझलाई कम गर्दै जाने,
- वर्षौंदेखिको बाँकी बेरूजु छलफल गरी बेरूजु असुल, फर्स्योटको काममा मन्त्रालय/निकायहरूलाई सहजीकरण गर्ने,

- समितिहरूबीच समान प्रकृतिका विषयको निर्णयमा दोहोरोपन/फरकपन भएको वा नभएको, निर्देशनको पालना भएको वा नभएको सम्बन्धमा स्थायी संयन्त्र बनाई नियमित अनुगमन गर्ने,
- समितिको निर्णय कार्यान्वयनबारे सार्वजनिक लेखा समिति, महालेखापरीक्षकको कार्यालय र लेखाउत्तरदायी अधिकृतबीच नियमित सम्पर्कका लागि बेरूजु फस्यौंट अनुगमन पोर्टल बनाई बेरूजु फस्यौंटलाई अद्यावधिक गर्ने ।

**निष्कर्ष**

सरकारको कामकारवाहीको निगरानीकर्ता, सार्वजनिक कोषको पहरेदार भई काम गर्न संसदमा विषयगत समितिको रूपमा गठन भएको सार्वजनिक लेखा समितिले स्थापनाकालदेखि आफ्नो साखलाई अक्षुण्ण राख्दै आएको छ । बजेट खर्च गर्दा सार्वजनिक निकायहरूबाट पारदर्शिता, जवाफदेहिता, वित्तीय/प्रशासनिक सुशासन प्रवर्द्धन भएको वा नभएको सम्बन्धमा महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएको बेरूजुउपर छलफल गरी निर्णयमा एकरूपता कायम राख्दै समयमै बेरूजु छलफलको कार्य सम्पन्न गर्नु निकै चुनौतीपूर्ण छ । समयमै बेरुजु छलफलको कामलाई तीव्रता दिई कार्यबोझलाई क्रमशः कम गर्दै जानु पर्दछ। क्षेत्राधिकार, काम गर्ने प्रक्रिया र अभ्यासमा सार्वजनिक लेखा समिति अन्य विषयगत समितिभन्दा फरक छ । बदलिँदो परिस्थितिमा कामकारवाहीलाई प्रविधिमैत्री बनाई समितिको काममा जनविश्वास आर्जन गर्दै चुस्त, दुरुस्त र छरितो तरिकाले काम गर्दै जानु पर्ने देखिन्छ ।

**सन्दर्भ सामग्री**

नेपालको संविधान (२०७२), कानून किताब व्यवस्था समिति

प्रतिनिधि सभा नियमावली, २०७५, संघीय संसद सचिवालय

राष्ट्रिय सभा नियमावली, २०७५, संघीय संसद सचिवालय

सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन, २०७६

महालेखापरीक्षक सन्ताउन्नौं वार्षिक प्रतिवेदन, २०७६,

https://en.wikipedia.org/wiki/Public_Accounts_Committee_(United_Kingdom),

https://en.wikipedia.org/wiki/Public_Accounts_Committee_(India),

https://www.parliament.wa.gov.au/parliament